समुन्नत इलाम सम्पन्न इलामेली

# इलाम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## शिक्षा, युवा तथा खेलकुद शाखा

पत्र संख्याः ०७९/८०

चलानी नः २२६१

१ नं प्रदेश,नेपाल

मितिः २०७९/११/१२

श्री कक्षा ८ सञ्चालित सबै विद्यालयहरु,
इलाम नगरपालिका, इलाम ।

**विषयः आधारभूत शिक्षा (कक्षा ८ ) परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा निर्देशन ।**

प्रस्तुत विषयमा इलाम नगरपालिका नगर परीक्षा संचालन तथा समन्वय समिति इलामको मिति २०७९/११/११ गते बसेको बैठकको निर्णयानुसार २०७९ सालको आधारभूत शिक्षा (कक्षा ८ ) परीक्षा निम्न कार्यक्रम अनुसार संचालन तथा व्यवस्थापन गरिने भएकोले सबै विद्यालयहरुले सोही अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।

**तपसिल**

१. परीक्षार्थीको तथ्याङ्क संकलन- विद्यालयले कक्षा ८ का विद्यार्थीको तथ्याङ्क IEMIS मा प्रविष्टि गरिसकेको हुँदा उक्त तथ्याङ्कमा विद्यार्थीको विवरण (नाम थर, बुबा आमाको नाम थर, जन्ममिति) जन्मदर्ता अनुसार फरक परी सच्याउनु परेमा मिति २०७९ फागुन २५ गतेभित्रमा Edit गरी Upload गरी सक्नु पर्नेछ । **(२०७९ सालको परीक्षामा संलग्न हुने परीक्षार्थीको जन्ममिति २०६७ साल चैत्र मसान्त भन्दा अधिको मात्र हुनु पर्नेछ ।)**

२. परीक्षा तालिका - इलाम नगरपालिका अन्तर्गत संचालित विद्यालयहरुको तोकिएका परीक्षा केन्द्रहरुमा मिति **२०७९/१२/०७ गते दिनको ठिक १:०० वजेबाट** देहायबमोजिमको परीक्षा तालिका अनुसार परीक्षा संचालन गर्ने ।

| मिति | बार | साधारण शिक्षा तर्फका विषय | संस्कृत शिक्षा तर्फका विषय |
|---|---|---|---|
| २०७९।१२।०७ | मंगलबार | अंग्रेजी | अंग्रेजी वा संस्कृत भाषा |
| २०७९।१२।०८ | बुधबार | नेपाली | नेपाली |
| २०७९।१२।०९ | बिहिबार | विज्ञान तथा वातावरण | संस्कृत रचना |
| २०७९।१२।१० | शुक्रबार | सामाजिक अध्ययन र जनसंख्या शिक्षा | सामाजिक अध्ययन र जनसंख्या शिक्षा |
| २०७९।१२।१२ | आइत्तबार | गणित | गणित |
| २०७९।१२।१३ | सोमबार | पेशा, व्यवसाय र प्रविधि शिक्षा | कर्मकाण्ड वा फलित ज्योतिष |
| २०७९।१२।१४ | मंगलबार | स्वास्थ्य तथा शारीरिक शिक्षा र नैतिक शिक्षा | वेद वा नीति शास्त्र |
| २०७९।१२।१५ | बुधबार | पर्यटन विकास | संस्कृत व्याकरण |

३. यो वर्षबाट विद्यार्थीको परीक्षा फारम भर्ने व्यवस्था नभएकोले Edit गरिएको IEMIS Excel Upload पश्चात् Left Side मा रहेको Admit Card, Student मा Click गरी प्राप्त हुने प्रवेश पत्रको २ प्रति प्रिन्ट गरी विद्यार्थीको

प्रेमकुमार गौतम
सचिव(अधिकृत दशौं)

समुन्नत इलाम सम्पन्न इलामेली

# इलाम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्याः ०७९/८०

## शिक्षा, युवा तथा खेलकुद शाखा

चलानी नः

१ नं प्रदेश,नेपाल

फोटो टाँसेर सिम्बोल नं र देवनागरीमा नाम थर उल्लेख गरी सम्बन्धित विद्यार्थी र प्रधानाध्यापकको हस्ताक्षर गरेर एक प्रति जन्मदर्ताको प्रतिलिपि सहित मिति २०७९/११/२८ गतेभित्रमा शिक्षा युवा तथा खेलकुद शाखामा बुझाउनु पर्नेछ।

४. प्रवेश पत्रमा रोल नं कायम गर्दा विद्यार्थीको नामनामेसी अंग्रेजी अक्षरको वर्णानुक्रमअनुसार क्रमशः कक्षा ८ को परीक्षाका लागि उपलब्ध गराएको विद्यालय कोडको पछाडि 001A गर्दै तयार गर्नुपर्नेछ। उदाहरणका लागि विद्यालयको कोड 003 छ भने उक्त विद्यालयले 003001A, 003002B गर्दै रोल नं कायम गर्ने।

५. परीक्षा संचालन र व्यवस्थापनका लागि वजेट सामुदायिक विद्यालयको विद्यार्थीको हकमा नेपाल सरकारबाट प्राप्त अनुदान रकमवाट परीक्षा संचालन व्यवस्थापन हुनेछ भने संस्थागत विद्यालयको हकमा प्रति विद्यार्थी रु २७५।– का दरले हुन आउने रकम मिति २०७९/११/२८ गते भित्रमा इलाम नगरपालिका नगर कार्यपालिकाको कार्यालय इलामको नाममा नेपाल बैंक लिमिटेड इलाम शाखामा रहेको खाता नं ०४००३०००००१००१००००००१ मा एकमुष्ट रकम जम्मा गरी सक्कल भौचर शाखामा पेश गर्नुपर्नेछ।

६. प्रयोगात्मक परीक्षा हुने सबै विषयको परीक्षा सबै विद्यालयहरुले मिति २०७९ फागुन मसान्त भित्रमा आ - आफ्नो विद्यालयमा संचालन गरी परीक्षण समेत गराई विद्यालयले IEMIS को Software मा Symbol No र प्राप्ताङ्क Entry गरी तयारी अवस्थामा राख्ने र मिति २०७९/१२/०८ देखि २०७९/१२/१० गतेभित्रमा अपलोड गरी सक्नु पर्नेछ।

७. परीक्षा केन्द्रको विवरण र परीक्षा सम्बन्धी थप जानकारी पछि प्रकाशन गरिनेछ।

**बोधार्थः**

श्री सबै वडा कार्यालयहरु, इलाम नगरपालिका, इलाम – जानकारीको लागि।

श्री सूचना तथा प्रविधि शाखा, इलाम नगरपालिका, इलाम – वेभसाइटमा अपलोड गरिदिनु हुन।

२०७९/११/१२

प्रेमकुमार [illegible]

उप सचिव(अधिकृत दर्शौं)